# नौमूले गाउँपालिका

**“सुशासन र पारदर्शिता, सुखी नौमूलेबासी हाम्रो प्रतिबद्धता”**

# नौमूले राजपत्र

खण्डः ४ संख्याः ३ मितिः २०८१/०६/१४

**भाग-१**

**नौमूले गाउँपालिका**

ऐन तथा सभाले बनाएको नियमको सम्पूर्ण व्यहोरा

# नौमूले गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई नीति २०७८

**नौमूले गाउँपालिका**
**कर्णाली प्रदेश**
**दैलख**

## १. पृष्ठभूमिः

नेपालको संविधानले निशुल्क आधारभूत स्वास्थ्य सेवा र आकस्मित स्वास्थय सेवालाई नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ । नौमूले गाउँपालिकाको सबै नागरिकलाई नेपालको संविधान २०७२ अनुरुप स्वास्थ्य, पोषण तथा सरसफाई सेवामा समान पहुँच र उपभोग सुनिश्चित गर्दै संरचनामा गुणस्तरिय आधारभुत स्वास्थ्य सेवाको प्रवाह गर्नु नौमूले गाउँपालिकाको दायितव हो । यस गाउँपालिका भित्र नवजात शिशु तथा मातृ स्वास्थ्यमा सुधार गर्दै शिशू र मातृमृत्युलाई वाञ्छित तहसम्म घटाउनु, विद्यमान सर्ने तथा नसर्ने रोगको प्रकोप नियन्त्रण गर्नु र कुनैपनि बेला पनि हुनसक्ने स्वास्थ्य सम्बन्धी विपद् व्यवस्थापन तत्काल गर्नु, जेष्ठ नागरिक, शारीरिक र मानसिक अपाङ्गता भएका, एकल महिला खासरी गरिब, सीमान्तकृत, जोखिममा रहेका समुदाय, गर्भवती तथगा सुत्केरी महिला नवजात शिशु, पााच वर्ष मुनिका बालबालिका, किशोर-किशोरीलाई आधारभुत तथा गुणस्तरीय स्वास्थ्य, सरसफाई तथा पोषण सेवा सर्वसुलभ र पहँच योग्य बनाउन नौमूले गाउँपालिकाले दायित्व बोध गरेको छ । नौमूले गाउँपाकिाको विविध लैङ्गिक पहिचान भएका व्यक्तिहरु, अपाङ्गता भएका व्यक्तिहरु, सिमानतकृत र अति विपन्न वर्ग, दुरदराजका नागरिकहरु अझै पनि अत्यावश्यक स्वास्थ्य सुविधाबाट बञ्चित रहेका छन् । स्वास्थ्य सेवाको पहुँच, गुणस्तरीयता, स्वीकार्यता, उपलब्धतालाई सुचिश्चित गर्दै गुणस्तरीय स्वास्थ्य सेवा मार्फत मानव विकास सूचकाङ्कमा सुधार ल्याई नौमूले गाउँपालिकाको समग्र विकासका लागि प्रभावकारी स्वास्थ्य सेवाको व्यवस्था गर्नु जरुरी देखिएको छ ।

स्वास्थ्य सेवामा समान पहुँच स्थापित गर्न, जनउत्तरदायी एवं कुशल व्यवस्थापनको माध्यमबाट आवश्यक तथा उपलब्ध सबै स्रोत र साधनको अधिकतम परिचालन गरी संघीय संरचनामा स्वास्थ्य सेवा प्रणाली विकास, विस्तार र सुधार गर्दै विद्यमान तथा नयाँ चुनौतीहरुलाई सही ढङ्गले सम्बोधन गरेर गाउँपालिकाबासीको स्वास्थ्य प्रवर्द्धन, संरक्षण, सुधार र पुनर्स्थापना गर्न गाउँपालिका भित्रका स्वास्थ्य, खानेपानी-सरसफाई तथा पोषण सम्बन्धि आवश्यकता र विद्यमान अवस्थाका आधारमा नौमूले गाउँपालिकाको स्वास्थ्य नीति २०७८ तयार गरिएको छ ।

## २. समिक्षाः

### क) विगतमा गरिएका प्रयासहरुः

वि.सं. २०४८ को राष्ट्रिय स्वास्थ्य नीति घोषणा पश्चात आधारभूत स्वास्थ्यमा सबैको पहुँच पुर्‍याउने उद्देश्यले तत्कालीन सबै गाउँ विकास सभितिहरुमा उपस्वास्थ्य चौकी, इलाकाहरुमा स्वास्थ्य चौकी, प्रत्येक निर्वाचन क्षेत्रमा प्राथमिक स्वास्थ्य केन्द्रहरु स्थापना गर्ने रणनीति अनुरुप २०५४ मा नौमूले गाउँपालिका बन्नु भन्दा अगाडी साबिकको तोली, बालुवाटार, ढ्वारी, कालिका, नौमूले, सल्लेरी र चौराठा गाविसहरु समेटेर नौमूले गाउँपालिका बने पश्चात सबै स्वास्थ्य संस्था यसै गाउँपालिका अन्तर्गत सञ्चानल हुँदै आएका छन् ।

वि.सं. २०६३ को जनआन्दोलन पश्चात बनेको अन्तरिम संविधानले स्वास्थ्यलाई जनताको आधारभूत अधिकारको रुपमा स्थापित गर्दै निःशुल्क स्वास्थ्य सेवाको अवधारणालाई विकसित गरे अनुरुप गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाबाट अत्यावश्यक निःशुल्क उपचार सेवा शुरु गरी गाउँपालिकावासीको

स्वास्थ्यको हक सुनिश्चित गर्ने प्रयास गरेको छ । नेपालको संविधान २०७२ ले नि:शुल्क आधारभूत स्वास्थ्य सेवाका साथै आकस्मिक स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा निर्दिष्ट गरे बमोजिम नि:शुल्क आधारभूत स्वास्थ्य सेवालाई सर्वव्यापी पहुँच बढाउन आधारभूत स्वास्थ्य सेवा प्याकेज २०७५ तयार गरी स्थानिय तह समेतको जिम्मेवारी स्पष्ट पारि कार्यान्वयन गरिएको छ । संघियता कार्यान्वयनका क्रममा स्थानिय तहको स्वास्थ्य क्षेत्रका जिम्मेवारीहरु पूरा गर्न गाउँपालिका अर्न्तगत स्वास्थ्य तथा सरसफाई शाखाको स्थापना गरिएको छ भने गाउँपालिका मातहतका स्वास्थ्य चौकीहरु गाउँपालिकालाई हस्तान्तरण भएका छन् । साथै नेपालको संविधान २०७२ ले व्यवस्था गरेको संघिय संरचना अर्न्तगत हरेक वडामा स्वास्थ्य संस्थाको स्थापना गर्ने राष्ट्रिय निति २०७१ र २०७६ को लक्ष अनुरुप यस गाउँपालिकाका सबै वडामा आधारभूत स्वास्थ्य इकाई स्थापना गरि हरेक वडामा स्वास्थ्य संस्था विस्तार भएको छ । हाल यस गाउँपालिकामा १ वटा प्राथमिक स्वास्थ्य केन्द्र, ६ वटा स्वास्थ्य चौकी, १ वटा आधारभूत स्वास्थ्य केन्द्र, ६ सामुदायिक स्वास्थ्य इकाई, २५ वटा गाउँघर क्लिनिक, २३ वटा खोप केन्द्र, ७ वटा टि बि. उपचार केन्द्र र ८ वटा बर्थिङ्ग सेन्टर गरि कुल ७८ वटा स्वास्थ्य संस्था सञ्चालित छन् ।

नौमूले गाउँपालिकाले स्वास्थ्यको क्षेत्रमा स्थानीय आवश्यकताका आधारमा अनुदान अर्न्तगतको रकम विनियोजन गरि प्रभावकारी कामहरु सम्पन्न गरिसकेको छ । नौमूले गाउँपालिकाले आधारभूत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्ने तथा स्वास्थ्य क्षेत्रमा गरेका उपलब्धिहरुलाई संरक्षण गर्दै आगामी दिनहरुमा तथ्यमा आधारित योजना निर्माण गर्न आवश्यक धरातल र वैधानिकता प्रदान गर्नका लागि गाउँपालिकाको स्वास्थ्य वस्तुस्थिति झल्कने गरि स्वास्थ्य प्रोफाईल तथा वार्षिक प्रतिवेदन तयार गरेको छ ।

**ख. विद्यमान स्थिती:**

वि.सं. २०६८ को जनगणना अनुसार यस गाउँपालिकाको जनसंख्या २०८०२ रहेको छ। पुरुषको जनसंख्या १०,०४५ (४८.२८%) भने महिलाको जनसंख्या १०,७५७ (५१.७१%) रहेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली **(HMIS)** को आ.व. २०७७०७८ को लागि गरिएको प्रक्षेपण अनुसार यस गाउँपालिकाको कुल जनसंख्या २३,६८७ पुगेको अनुमान गरिएको छ । जसमध्ये १ वर्ष मुनिका बालबालिकाको संख्या ४७५ छ भने ५ वर्ष मुनिको बालबालिकाको संख्या २,३६४ रहेको छ । त्यस्तै गरी १० वर्ष देखि १९ वर्ष सम्मको किशोरकिशोरीको संख्या ४,८०० छ । १५ देखि ४९ वर्षका प्रजनन् उमेरका बिबाहित महिलाहरुको संख्या ६,८३० रहेको छ । गाउँपालिकामा अनुमानित गर्भवती महिलाहरुको संख्या ५७७ छ र अनुमानित जीवित जन्मने बच्चाहरुको संख्या ४८९ जना छ । यो प्रक्षेपण अनुसार ६५ वर्ष माथिका व्यक्तिहरुको संख्या ७६६ छ । हाल यस गाउँपालिकामा १ वटा प्राथमिक स्वास्थ्य केन्द्र, ६ वटा स्वास्थ्य चौकी, १ वटा आधारभूत स्वास्थ्य केन्द्र, ६ सामुदायिक स्वास्थ्य इकाई, २५ वटा गाउँघर क्लिनि, २३ वटा खोप केन्द्र, ७ वटा टि.वि. उपचार केन्द्र र ८ वटा बर्थिङ्ग सेन्टर गरि कुल ७८ वटा स्वास्थ्य संस्था सञ्चालित छन् ।

यस गाउँपालिकामा बालबिवाह, किशोरावस्थामा विवाह गर्ने तथा कम उमेरमा गर्भवति हुने संख्या उच्च रहेको छ । जसको परिणाम स्वरुप कम तौलको शिशु जन्मने, समय भन्दा अगाडि जन्मने, कुपोषण तथा मृत्युदर बढ्ने लगायत आमाहरुमा अन्य प्रजनन स्वास्थ्य सम्बन्धी समस्याहरु रहेका छन् । विगत केहि वर्ष देखि स्वास्थ्य संस्थामा सुत्केरी गराउँन आउनेको संख्यामा वृद्धि हुन नसक्नुमा दक्ष प्रसुतीकर्मीको

अभाव, पूर्वाधारको कमी, सामाजिक साँस्कृतिक मूल्य मान्यताहरु आदि कारणहरुले गर्दा सबै स्वास्थ्य संस्थाहरुमा सुत्केरी हुन आउने महिलाको संख्यामा उल्लेख्य वृद्धि हुन सकेको छैन ।

नौमूले गाउँपालिकाको केही महत्वपूर्ण स्वास्थ्य सूचकहरुलाई राष्ट्रिय तथा प्रादेशिक सूचकसँग तुलना गरी देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| **सि.नं.** | **सूचकहरु** | **राष्ट्रिय तथ्याङ्क** | **प्रादेशिक तथ्याङ्क** | **नौमूले गाउँपालिकाको तथ्याङ्क** | | | **विकास लक्ष्य २०३०** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| | | | | **२०७५।७६** | **२०७६।७७** | **२०७७७८** | | |
| १ | प्रथम पटक गर्भजाँच गराउने महिलाको प्रतिशत (कुनैपनी बेला) | ८५.८३ | ७३ | ७७.१ | ८२.५ | ९२.२ | ९० | |
| **२** | सिफारिस गरिए अनुसार ४ पटक गर्भजाँच गराउने महिलाको प्रतिशत | **५८.८** | **६७.३** | **४७.६** | **४४.२** | **५९.९** | **९०** | |
| **३** | सुत्केरी पश्चात ३ पटक जाँच गराउने महिलाको प्रतिशत | **५७.३** | **४१** | **५२.६** | **५३.८** | **६६.५** | **९०** | |
| **४** | परिवार नियोजनका आधुनिक साधनहरुको प्रयोग गरिरहेका १५ देखि ४९ वर्षका विवाहित महिलाहरुको प्रतिशत | **४३** | **४८** | **२१.९** | **१७.८** | **१७.४** | **६०** | |
| **५** | संस्थागत प्रसुतीको प्रतिशत | **५७.४** | **५९.४** | **६०.७** | **५७.६** | **६९.५** | **९०** | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | सबै आधारभूत खोप पाएका बच्चाहरुको प्रतिशत (पूर्ण खोप) | **७८** | **७५** | **८९.१** | **६२.७** | **७९.२** | **१००** | |
| ७ | २ वर्ष मुनिका कुपोषित बालबालिकाहरु को संख्या | **३६** | **५५** | **३** | **२** | **१** | **१** | |

**३. विद्यमान स्वास्थ्य समस्या चुनौती र अवसरः**

**३.१ समस्याः**

भौगोलिक, समाजिक, सांस्कृतिक तथा आर्थिक विविधता युक्त यस गाउँपालिकामा विभिन्न रोगहरुबाट संक्रमितहरुको संख्या उल्लेख्य देखिन्छ। पछिल्लो समयमा आरामादायी जीवन शैली, मदिरा तथा सुर्तीजन्य पदार्थको सेवन, किटनाशक विषादीको प्रयोग लगायतका कारणले मुटु तथा श्वासप्रश्वास सम्बन्धी रोगहरु, क्यान्सर, मधुमेह जस्ता दीर्घ रोगहरुको प्रकोप बढ्दो छ। गाउँपालिका मातहतमा रहेका विभिन्न स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुरुपको भौतिक पूर्वाधार, दक्ष जनशक्ति, औजार तथा उपकरण र औषधी तथा अन्य सामाग्रीहरुको आपूर्ति हुन आवश्यक छ। एकिकृत स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन गरी सोको आधारमा कार्यक्रम तर्जुमा गर्नु आवश्यक रहेको छ भने निजी तहबाट सञ्चालित स्वास्थ्य संस्थाहरुको नियमन गर्नुका साथै सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरुप आधारभूत स्वास्थ्य सेवाको पहुँचमा वृद्धि गर्न सम्बन्धित सरोकारवालाहरु सँग हातेमालो गर्नु जरुरी छ।

उल्लेखित सुचकहरुमा समग्रमा नेपालले उल्लेखनिय सफलता हासिल गरिसकेको र स्वास्थ्य क्षेत्रमा मुलुक सकरात्मक बाटोमा अग्रसर भइरहेको देखिएतापनि रष्ट्रिय तथा प्रादेशिक तथ्याकंको अनुपातमा गाउँपालिकाको गुणस्तरिय स्वस्थ्य सेवाको पहुँच र उपभोगमा वृद्धि गरि जनअपेक्षा अनुसार स्वास्थ्य सेवा प्रवाहका लागि थप कार्य गर्न जरुरी रहेको छ । स्वास्थ्य क्षत्रले कतिपय उल्लेखनिय सफलता हासिल गरिसकेको भएतापनि नौमूले गाउँपालिकाले संम्वोधन गर्नुपर्ने समस्या र चुनौतीहरु अझै विद्यमान छन्। संविधानको भावना अनुसार स्वास्थ्य सेवाको सर्वमुलक पँहुच पुऱ्याउन नसक्नु स्वास्थ्य सेवा प्रवाहालाई जनभावना अनुरुप गुणस्तरिय बनाउन नसक्नु स्वास्थ्य कर्मीहरुको वृद्धि विकासका साथै उत्पेरणा र प्रवृतीमा कमि, प्रमाणमा आधारित योजना तर्जुमा र कार्यान्वयन गर्न आवश्यक गुणस्तरीय एवं एकिकृत सूचनाको सङकलन, प्रशोधन, प्रतिवेदन, विश्लेषण तथा प्रयोग कम हुनु, निजी क्षेत्रको सूचना एकिकृत पद्धती नहुनु, खरिद तथा आपूर्ति व्यवस्थापनका लागि प्रक्षेपण, परिमाण निर्धारण, खरिद, गुणस्तर सुनिश्चितता आदिको लागि प्रयाप्त सूचना नहुनु, भण्डारण तथा वितरणको उपयुक्त व्यवस्था नहुनु अत्यावश्यक तथा निःशुल्क औषधिको अविछिन्न उपलब्धता र सहज पहुँचका लागि पर्याप्त बजेट लगानी नपुग्नु, स्थानीय तहहरुमा स्वास्थ्यको अपर्याप्त संस्थागत क्षमता, सुशासनका व्यवहारहरु जस्तै वडापत्र, सामाजिक परिक्षण आदि प्रभावकारी रुपमा पालना नगरीनु, जनप्रतिनिधि र स्वास्थ्यकर्मी बिचको बुझाईमा

भिन्नता र अस्पष्टता रहनु तथा निजी क्षेत्रलाई नियमनको दायरामा ल्याउन कठीनाइ हुनु जस्ता समस्याहरु विद्यमान रहेका छन् । वाताबरणीय प्रभावले मानवीय स्वास्थ्यमा पार्ने समस्याहरुको उचित व्यवस्थापन गर्न नसक्नु, सडक दुर्घटना, व्यवसायजन्य स्वास्थ्य, मानसिक स्वास्थ्य लगायत अन्य क्षेत्रमा देखिएका समस्याहरुको उचित व्यवस्थापन गर्न नसक्नु साथै स्वास्थ्य प्रबद्धनका कार्यक्रमहरुको आशातित प्रतिफल प्राप्त नहुनु आदी समस्याहरु रहेको छन् भौगोलिक विकटता, उपयुक्त स्वास्थ्य सेवा उपलब्ध हुन नसक्नु, समयमा सेवा प्राप्त गर्न जान समेत कठीन, समयमै सेवा प्राप्त गर्नुपर्ने कुराको महत्वबारे जनचेतनाको कमी, परिवारभित्र सेवा प्राप्त गर्न चाहने महिलाको निर्णयक क्षमता कम, हानीकारक मूल्यमान्यता, विशेषज्ञ प्रेषण सेवा **(Secondary or Tertiary Level Care)** आवश्यक परेमा त्यसबापत आवश्यक पर्ने रकम जुटाउनु धेरैका लागि चुनौतिपूर्ण भएकै कारण नवजात शिशु, बाल स्वास्थ्य तथा मातृस्वास्थ्य जस्ता सेवामा पनि अपेक्षित लक्ष्य हासिल हुन नसक्नु जस्ता समस्याहरुलाई पनि महत्व दिएर सम्बोधन गर्नुपर्ने देखिन्छ ।

### ३.२ चुनौतीः

परिवर्तित सन्दर्भमा विभिन्न तहगत तथा अन्य प्रशासनिक निकायहरु विचको प्रभावकारी समन्वय, स्रोत तथा साधनहरुको यथोचित उपलब्धता एवं व्यवस्थापन, प्रविधी मैत्री जनशक्ति तथा एकिकृत सूचना प्रणाली र स्वास्थ्य सूचनाहरुको विश्लेषण र व्याख्या गर्ने सिप र दक्षता, स्वास्थ्य सेवामा गुणस्तरको सुनिश्चितता, स्वास्थ्यमा गर्नुपर्ने लगानीको समान बुझाई, प्रभावकारी आन्तरिक नियन्त्रण, लक्षित वर्गको पहिचान गरी सर्वव्यापी पहुँच स्थापित गर्नु, सामाजिक तथा सांस्कृतिक व्यवधानहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुसार विभिन्न तहमा सञ्चालित कार्यक्रमको संचालन र अनुगमनमा कठिनाई, विधि र व्यवहारमा संघीय प्रणाली अनुसार परिवर्तन गर्नु गराउनु स्वास्थ्य क्षेत्रका प्रमुख चुनौतीहरु हुन् । साथै स्वास्थ्य क्षेत्रको समग्र विकास तथा समानुपातिक तथा सहभागितामुलक स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच स्थापित गर्न आवश्यक नीति तथा कानुनको अभाव, अपर्याप्त आवश्यक पूर्वाधार तथा जनशक्ति आदि चुनौतीहरु विद्यमान रहेको छन् ।

### ३.३ अवसरः

नौमूले गाउँपालिका भित्रका सामाजिक, साँस्कृतिक तथा भौगोलिक विशिष्टताका आधारमा नीति तथा योजना निर्माण गरी कार्यान्वयन गर्न सक्नु, एकिकृत सूचना प्रणालीको स्थापना गरी सूचनाको सहि प्रयोग गर्न सकिने अवस्था, प्रविधिको पहँचमा वृद्धि, गाउँपालिकाको स्वास्थ्य क्षेत्र वित्तीय रणनीति बनाई लागू गर्न सकिने, लागत सहितको कार्ययोजना बनाई लागू गर्न सकिने, जनप्रतिनिधिको उपस्थितिमा अनुगमन गर्ने व्यवस्था तथा जनप्रतिनिधिहरुको उत्साह र प्रतिवद्धता रहनु स्वास्थ्य क्षेत्रको अवसरको रुपमा रहेका छन् । यसै गरी निजी, गैह्रसरकारी तथा सरकारी साझेदारी, दुर चिकित्साको व्यवस्था गर्न सकिने आदि स्वास्थ्य क्षेत्रको विकासको लागि अवसरहरु रहेका छन् ।

## ४. गाउँपालिका स्वास्थ्य नीतिको औचित्य, निर्देशक सिद्धान्त, भावी सोच ध्येय, लक्ष्य तथा उद्देश्यहरुः

### ४.१ औचित्यः

स्वास्थ्य क्षेत्रले विगतका केही दशकमा हासिल गरेका उपलब्धिहरुलाई दिगो बनाउँदै सेवामा अविछिन्नता कायम राख्दै विद्यमान स्वास्थ्य समस्य तथा चुनौतिहरुको सम्बोधन गरी गुणस्तरीय स्वास्थ्य सेवामा

नागरिकको संविधान पदत्त हक सुचिश्चित गर्न एवं संघीय संरचना अनुरुप प्राप्त अधिकार क्षेत्र तथा दायित्व अनुरुप स्वास्थ्य सवको संरचना विकास तथा विस्तारका साथै गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि मार्गदर्शन गर्नु अपरिहार्य छ । गाउँपालिकाको प्राथमिकता अनुकुल हुने गरी स्वास्थ्य सेवालाई सुदृढीकरण गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताहरुलाई सम्बोधन गर्न र दिगो विकासको लक्ष्य हासिल गर्नका लागि गाउँपालिकाले स्वास्थ्य नीति प्रतिपादन गर्न अपरिहार्य छ । स्वास्थ्य क्षेत्रले विगतमा केही दशकमा हासिल गरेका उपलब्धिहरुलाई दिगो बनाउँदै समता मुलक स्वास्थ्य सेवा सुनिश्चित गरी हालका समस्या तथा चुनौतिहरुको सम्बोधन गर्नु पर्ने अवस्था रहेको छ । भने नौमूले गाउँपालिकाका सामाजिक, आर्थिक परिस्थिति एवं संविधान प्रदत्त स्वास्थ्य सम्बन्धी अधिकारसँग सामिप्यता राख्ने गरी मार्ग निर्देशन गर्न यो नितिका तर्जुमा अपरिहार्य रहेको छ । नेपालले गरेका राष्ट्रिय तथा अर्न्तराष्ट्रिय प्रतिवद्धताहरुलाई संवोधन गर्नका लागि एवं नेपालले सहस्राब्दी विकासका लक्षहरुमा प्राप्त सफलतालाई कायम राख्दै दिगो विकासको लक्ष हासिल गर्नका लागि यो नीति अपरिहार्य छ । त्यसैगरी स्वास्थ्य क्षेत्रमा व्याप्त असममानता, असमावेशीता, भेदभाव उन्मूलन गरी समतामूलक स्वास्थ्य सेवा सुनिश्चित गर्न, स्वास्थ्य सेवा, पहुँचयोग्य, उपलब्धत्ता, सर्वस्वीकार्य र गुण स्तरीय बनाउन यो नीति आवश्यक रहेको छ ।

**४.२ निर्देशक सिद्धान्तः**

गाउँपालिकाले स्वास्थ्य नीति तयार गर्दा यसका केही मूल निर्देशक सिद्धान्त प्रतिपादन गरी सोही आधारमा नीति तथा रणनीति प्रस्ताव गरीएका छन् । प्रस्तुत निर्देशक सिद्धान्तका आधारमा नौमूले गाउँपालिकाको स्वास्थ्य नीति, २०७८ को कार्यान्वयन गरिनेछ ।

१. गुणस्तरीय स्वास्थ्य सेवाको सर्वव्यापी पहुँच

२. अन्तर सरकारी तथगा बहुक्षेत्रीय सहभागिता, समन्वय र सहकार्य मार्फत जनउत्तरदायी स्वास्थ्य सेवा

३. सामाजिक न्यायको आधारमा समतामूलक स्वास्थ्य सेवा

४. तत्यमा आधारित योजना, पर्याप्त लगानी र कुशल व्यवस्थापन

५. सुशासन, जवाफदेहिता र पेशागत आचारण प्रति प्रतिबद्धता

**४.३. भावी सोचः**

नौमूले गाउँपालिकाका सबै नागरिकहरु शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रुपमा स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवन यापन गर्न सक्षम हुने ।

**४.४ ध्येयः**

उपलब्ध साधन र स्रोतको अधिकतम प्रयोग गरी क्षेत्रगत सरोकारवालहरुबीच समन्वय र सहकार्यलाई सृदृढ एवं सुव्यवस्थित गर्दै नागरिकहरुको स्वस्थ रहन पाउने मौलिक अधिकार र समतामूलक स्वास्थ्य सेवा सुनिश्चित गर्ने ।

**४.५. लक्ष्यः**

न्याय संगत एवं जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट गुणस्तरीय स्वास्थ्य सेवामा गाउँपालिकावासीको स्वास्थ्य सेवाको पहुँच र उपभोग वृद्धि गर्ने ।

**४.६. उद्देश्यहरुः**

१. गाउँपालिकाबासीलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने तथा आकस्मित स्वास्थ्य सेवाबाट बञ्चित नहुने वातावरण सृजना गर्ने ।

२. सबै वडाहरुमा आवश्यक सेवा तथा पूर्वाधार, औषधि, औजार तथा उपकरण, सूचना, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरु सहितको सक्षम, प्रभावकारी एवं जवाफदेही स्वास्थ्य सेवा प्रणाली मार्फत गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने ।

३. स्वास्थ जीवन शैली प्रवर्द्धन, व्यवहार परिवर्तन र स्वास्थ्यमा प्रतिकूल असर पार्ने मानवीय तथा वातावरणीय कारक तत्वहरुलाई निरुत्साहित गर्न अनुकुल वातावरण सृजना गर्ने ।

४. प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थापनात्मक सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग प्रवर्द्धन र नियमन गर्ने ।

५. स्वास्थ्य सेवा प्रवाहमा बहुक्षेत्रीय साझेदारी र जनसहभागिता प्रवर्द्धन गर्ने ।

६. स्वास्थ्य सेवालाई समतामूलक, विभेदरहित र समावेशी बनाउने ।

**५. नीतिहरुः**

नौमूले गाउँपालिकाको विशिष्टिकृत भौगोलिक तथा स्वास्थ्य सेवा सम्बन्धी समस्या र चुनौतिलाई सम्वोधन गर्दै गाउँपालिकाबासीलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न गाउँपालिकाले देहायका नीति अवलम्बन गरिएको छ ।

५.१. सर्बव्यापी पहुँचको अवधारणा अनुसार गाउँपालिकावासीलाई निःशुल्क आधारभूत तथा आकस्मित स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।

५.२. स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवा प्रवाहलाई गुणस्तरीय, जवाफदेही एवं परिणाममूखी बनाईने छ ।

५.३ समयानुकुल गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक न्यूनतम मापदण्ड सहितको प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, निदानात्मक तथा पुर्नस्थापनात्मक सेवाको विकास र विस्तार गरिनेछ ।

५.४ न्यूनतम सेवा मापदण्ड कार्यान्वयन तथा राष्ट्रिय चिकित्सा मापदण्ड अनुसारको स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार, औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको यथोचित व्यवस्था गरिनेछ ।

५.५ सामुदायीक, निजि तथा गैरसरकारी क्षेत्रका सेवा प्रदायक स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्न अवाश्यक नियमन गरिनेछ ।

५.६ स्वास्थ्य क्षेत्रमा दिगो विकासका लागि स्वास्थ्य सेवाको सुनिश्चितता, वित्तिय सुरक्षा प्रदान गर्न र सामाजिक सुरक्षा योजनालाई सुदृढ गर्न गाउँपालिकाबाट स्वास्थ्य क्षेत्रमा लगानी बढाउदै लैजाने र आवश्यक अनुसार निजि तथा गैरसरकारी क्षेत्र सँग साझेदारी गरिनेछ ।

५.७ स्थानीय आवश्यकता सम्बोधनका लागि तथ्य र प्रमाणमा आधारित योजना तर्जुमा तथा स्वास्थ्य सेवाको प्रभावकारी व्यवस्थापन गर्न प्रचलित स्वास्थ्य सम्बन्धी सूचना प्रणालीलाई एकीकृत गरी सुढृढ र प्रविधिमैत्री साथै स्वास्थ्य अनुसन्धानलाई प्रबर्द्धन गरिनेछ ।

५.८ स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन स्थानीय आवश्यकताका आधारमा दक्ष जनशक्तिको व्यवस्थापन गरिनेछ ।

५.९ स्वस्थ र सकारात्मक व्यवहार परिवर्तनका लागि व्यक्ति, परिवार र समाजलाई परिचालन  स्वास्थ्य शिक्षा र सूचना प्रवाह गर्दै नसर्ने रोगको उपचारलाई आधारभूत स्वास्थ्य सेवास्तर देखि नै व्यवस्थापन गरिनेछ ।

५.१० स्वास्थ्यबर्द्धक खाद्य पदार्थको प्रवर्द्धन, उत्पादन, पहुँच र उपभोग बढाई पोषण स्थितिमा सुधार ल्याउन अवाश्यक व्यवस्था गरिनेछ ।

५.११ आयूर्वेद तथा वैकल्पीक चिकित्सा पद्धतीहरुलाई विकास तथा विस्तार गरी समन्वयात्मक रुपमा सेवा प्रवाहलाई व्यवस्थित गरिनेछ ।

५.१२ वातावरणबाट स्वास्थ्यमा पर्ने प्रतिकूल असरहरु न्यूनीकरण तथा व्यवस्थापन गरिनुका साथै पेशागत स्वास्थ्य सुरक्षा, सरसफाई र स्वच्छतालाई प्रोत्साहन, प्रवर्द्धन र व्यवस्थापन गरी गाउँपालिकावासीको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गरिनेछ ।

५.१३ महामारी, विपद वा प्रकोपको समयमा पर्न सक्ने सम्भावित स्वास्थ्य असरहरुको न्यूनीकरण, प्रतिकार्य एवम् पुनःस्थापनाको लागि बहुपक्षीय सहकार्य गरिनेछ ।

५.१४ सामाजिक, आर्थिक, भौगोलिक, धार्मिक र साँस्कृतिक हिसाबले पछाडि परेका समुदायको गुणस्तरीय स्वास्थ्य सेवामा उपभोग सुनिश्चित गर्न सामाजिक सुरक्षा कार्यक्रमलाई सुदृढ स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने व्यवस्था गरिनेछ ।

५.१५ सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोरावस्थाको स्वास्थ्य, प्रजनन् स्वास्थ्य तथा परिवार योजना सेवाको विकास र विस्तार गरी पहुँच सुनिश्चित गरिनेछ ।

५.१६ स्वास्थ्य क्षेत्रका प्रगती एवं उपलब्धीहरुलाई संस्थागत गर्दै थप उपलब्धी हाँसिल गर्न आवश्यक समन्वय, सहकार्य तथा आवश्यकता अनुसार साझेदारी गरिनेछ ।

५.१७ विभिन्न सरुवा रोग, किटजन्य रोग एवं पशुपन्छीजन्य रोग र निश्चित स्थान र समुदायमा मादक पदार्थ सेवन, लागूपदार्थ दुर्व्यसनी लगायतका स्वास्थ्य समस्याहरुलाई निरुत्साहन र नियन्त्रण तथा व्यवस्थापन प्रभावकारी रुपमा गरिनेछ ।

५.१८ नसर्ने रोग तथा मानसिक रोगको रोकथाम तथा व्यवस्थाप, सुर्तिजन्य बस्तुको प्रयोग, मादक पदार्थ सेवान, लागूपदार्थ दुर्व्यसनी लगायतका स्वास्थ्य समस्यालाई निरुत्साहन र नियन्त्रण तथा स्वास्थकर जिवनयापन गर्न प्रोत्साहन गरिनेछ ।

५.१९ गाउँपालिकाद्धारा असल आमा प्रोत्साहन कार्यक्रम शुरुवात गरिनेछ ।

५.२० विपन्न असहाय गाउँपालिकावासिहरुको स्वास्थ्योपचारमा सहयोग गर्ने उद्देश्यले गाउँपालिका अध्यक्ष सहायता कोषलाई निरन्तरता दिईनेछ ।

५.२१ सबै स्वास्थ्य संस्थाहरुलाई सूचना प्रविधि मैत्री बनाईनेछ ।

५.२२ गर्भवतिसँग गाउँपालिका उपाध्यक्ष कार्यक्रम संञ्चालन गरिनेछ ।

५.२३ पोषण रणनिति लागु गरिनुका साथै उप पोषण मैत्री स्वास्थ्य संस्था घोषणा गर्दै लगिनेछ ।

५.२४ धुम्रपान, मध्यपान विज्ञापनलाई निरुत्साहित गरि उक्त विक्रीकर्तालाई स्वास्थ्य प्रति जवाफदेही बनाईनेछ ।

५.२५ फोहोरमैला उचित तरीकाले बिसर्जन गर्न **Public Private** नीति तयार गरि निजि क्षेत्रलाई हस्तान्तरण गरि फोहोरमैलालाई उचित व्यवस्थापनमा जोड दिईनेछ ।

५.२६ कोरोना महामारी लगायत संक्रामक तथा अन्य रोगबाट सिर्जना हुने स्वास्थ्य जोखिमको न्यूनीकरण गर्न रोगको रोकथाम, नियन्त्रण र उपचार तथा गुणस्तरीय स्वास्थ्य सेवा, पूर्वाधार विकास, औषधी एवम् उपकरण, स्वास्थ्यकर्मीको दक्षता अभिवृद्धि र सेवा विस्तार, कोरोना परीक्षणको दायरा बढाउन, व्यवस्थित क्वारेन्टाइन केन्द्रहरुको स्थापना गर्न र नागरिकमा सिर्जना भएको त्रासलाई सम्बोधन गर्न आवश्यक स्रोतको व्यवस्था मिलाइनेछ ।

५.२७ स्वास्थ्य सेवालाई सर्वसुलभ र नागरिकको निशुल्क स्वास्थ्य उपचार हकलाई सुनिश्चित गर्न पर्याप्त औषधीको व्यवस्थापन गरिनेछ । साथै स्वास्थ्य संस्थालाई सृदृढ र सक्षम तुल्याइनेछ ।

५.२८ सुरक्षित वर्थिङ्ग सेन्टर र खोप केन्द्रमा फर्निचर व्यवस्थापन गरिनेछ ।

५.२९ महिला स्वास्थ्य स्वयमसेविकाको योगदानको कदर गर्दै प्रोत्साहन गरिनेछ ।

५.३० सुनौला हजार दिनका आमा शिशु तथा किशोरीहरुको उचित संरक्षण र विकासको लागि बहुक्षेत्रिय पोषण योजना **(MSNP)** को प्रभावकारी कार्यान्वयन गरिनेछ ।

५.३१ स्वास्थ्य आपतकालिन कोषको व्यवस्थापन गरिनेछ ।

५.३२ हालको प्राथमिक स्वास्थ्य केन्द्र नौमूलेबाट स्वस्थ्य विमा कार्यक्रम शुरु गरिनेछ ।

**प्रमुख रणनीतिहरुः**

**नीति : १ सर्बव्यापी पहुँचको अवधारणा अनुसार गाउँपालिकावासीलाई निःशुल्क आधारभूत तथा आकस्मित स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।**

- राष्ट्रिय मापदण्डबमोजिमका आधारभूत स्वास्थ्य सेवाहरु गाउँपालिकाका सबै वडाहरुमा कम्तीमा एक स्वास्थ्य संस्था स्थापना गरी निःशुल्क उपलब्ध गराईनेछ ।
- भुगोल र जनघनत्वका आधारमा आधाभूत तथा आकस्मित स्वस्थ्य सेवा प्रदान गर्न हाल संञ्चालनमा रहेका स्वस्थ्य संस्थाहरु आवश्यकता अनुसार समायोजन, स्थानान्तरण तथा थप स्वास्थ्य संस्थाहरु स्थापना तथा विस्तार गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुलाई बाल,  किशोर-किशोरी, अपांग तथा जेष्ठ नागरिक मैत्री संस्थाको रुपमा विकास गरिनेछ ।
- संघ तथा प्रदेशसँग समन्वय गरी आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न न्यूनतम मापदण्ड अनुसारको एम्बुलेन्स सेवा सहित प्रेषण प्रणाली सुदृढ गरीनेछ ।
- तोकिएको आधारभूत स्वास्थ्य सेवाहरुलाई प्रभावकारी बनाउन स्वास्थ्य संस्थाको क्षमता तथा गुणस्तर अभिवृद्धिका लागि संघ तथा प्रदेश सँग आवश्यक समन्वय, सहकार्यमा स्रोत व्यवस्थापन र परिचालन गरीनेछ ।

- समुदाय तथा विद्यालयहरुमा आधारभूत स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन विद्यालय नर्स, स्वास्थ्य स्वयंसेवक जस्ता मानव संसाधनको व्यवस्था साथै स्वास्थ्य आमा समूह, टोल विकास संस्था जस्ता संघ, संस्था र आम नागरिकहरु परिचालन गरीनेछ ।

**नीतिः २ स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वस्थ्य सेवा प्रवाहलाई गुणस्तरीय, जवाफदेही एवं परिणाममूखी बनाईनेछ ।**

- स्वास्थ्य पूर्वाधार निर्माण, आपूर्ती व्यवस्था लगायत समग्र स्वास्थ्य प्रणालीलाई सबलिकृत गर्न संघ तथा प्रदेशसँग सामनजस्यता हुने गरी स्वास्थ्य क्षेत्र सुशासन तथा आन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागू गरीनेछ ।
- सामाजिक लेखाजोखा, नागरीक वडापत्र, सार्वजनिक सुनुवाई र विज्ञहरु सहितका जिम्मेवार संयन्त्रको व्यवस्था साथै स्वास्थ्य सेवा प्रवाह र सेवाको गुणस्तरमा सेवाग्राहीहरुको गुनासो तथा पृष्ठपोषण सङ्कलन गरि सम्वोधन गर्ने प्रणालीको विकास गरीनेछ ।
- स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति र समितिका सदस्यहरुको क्षमता अभिवृद्धि गरि सशक्त एवं जिम्मेवार बनाई सेवा सुदृढ गरिनेछ ।
- गैर सरकारी संघ संस्था, दातृ निकाहरु तथा निजि क्षेत्रलाई परिणाममूखी कार्य गर्नको लागि गाउँपालिकाको मुलधारमा ल्याई आवश्यक सहजीकरण र अनुगमन गरीनेछ ।

**नीतिः ४ न्यूनतम सेवा मापदण्ड कार्यान्वयन तथा राष्ट्रिय चिकित्सा मापदण्ड (National Medical Standard) अनुसारको स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार, औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको यथोचित व्यवस्था गरिनेछ ।**

- गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुको आवश्यकता र मापदण्ड अनुसार भौतिक पूर्वाधारहरुको स्थापना तथा विकास गरीनेछ ।
- गाउँपालिका अन्तरगतका स्वस्थ्य संस्थालाई आवश्यक पर्ने औषधी उपकरणको सूची तयार गरी खरिद आपूर्ती, भण्डारण, वितरण, नियमित मर्मत सम्भार र व्यवस्थापन कार्यलाई सृदृढ गरिनेछ ।
- संघ तथा प्रदेशको सहकार्यमा स्वास्थ्य संस्थाबाट निःशुल्क वितरण हुने तोकिएको औषधीहरु, खोप तथा जनस्वास्थ्य कार्यक्रमका औषधि तथा औषधि जन्य सामाग्रीहरु गाउँपालिकाको आवश्यकता अनुसार थप गरी सहज रुपमा उपलब्ध गराईनेछ ।
- गाउँपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुमा न्यूनतम सेवा तथा चिकित्सा मापदण्ड अनुसारको स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरीनेछ ।

**नीतिः ५ सामुदायीक, निजि तथा गैह्र सरकारी क्षेत्रका सेवा प्रदायक स्वस्थ्य संस्थाहरुबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तर सुचिश्चित गर्न आवश्यक नियमन गरिनेछ ।**

- गाउँपालिका भित्र सबै प्रणालीका उपचार सेवा, निदानात्मक सेवा, प्रयोगशाला सेवा, फिजियोथेरापी जस्ता सेवा प्रदायक निजी संस्थाको दार्ता तथा सञ्चालन अनुमति दिने तथा कानून बनाई नियमन गर्ने व्यवस्था मिलाइनेछ ।

**नीतिः ६ स्वास्थ्य क्षेत्रमा दिगो विकासका लागि स्वास्थ्य सेवाको सुनिश्चितता, वित्तिय सुरक्षा प्रदान गर्न र सामाजिक सुरक्षा योजनालाई सुदृढ गर्न गाउँपालिकाबाट स्वास्थ्य क्षेत्रमा लगानी बढाउदै लैजाने र आवश्यकता अनुसार जिनि तथा गैरसरकारी क्षेत्र सँग साझेदारी गरिनेछ ।**

- गाउँपालिकाको कुल बजेटको न्यूनतम १० प्रतिशत स्वास्थ्य क्षेत्रमा बिनियोजन गरीनेछ ।
- संघीय तथा प्रादेशिक सरकारसँगको समन्वयमा स्वास्थ्य बिमा कार्यक्रम लागू गरी गाउँपालिकावासीको स्वास्थ्य बीमा सुनिश्चित गरीनेछ । अति गरीब, विपन्न तथा लोपोन्मुख समुदायकहरुलाई तोकिएको मापदण्ड अनुसार निःशुल्क स्वास्थ्य विमाको व्यवस्था गरीनेछ ।
- स्वास्थ्य क्षेत्रमा निजी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य तथा साझेदारीलाई प्रोत्साहन गर्न "सार्वजनिक-निजी साझेदारी" रणनीति बनाई लागू गरीनेछ ।
- निजी क्षेत्रले प्रदान गर्ने स्वास्थ्य सेवालाई क्रमशः सेवामूलक स्वस्थ्य सेवामा रुपमान्तरण गर्दै सबै समुदायको व्यक्तिले सेवाको प्रयोग गर्न सक्ने वातावारणको सृजना गर्न आवश्यक साझेदारी गरिनेछ ।
- निजी क्षेत्रको सामाजिक उत्तरदायित्वलाई मूलतः जनस्वास्थ्य प्रवर्धनको क्षेत्रमा लगानी गर्न आवश्यक वातावरणको सृजना गरीनेछ ।

**नीतिः ७ स्थानीय आवश्यकता संबोधनका लागि तथ्य र प्रमाणमा आधारित योजना तर्जुमा तथा स्वास्थ्य सेवाको प्रभावकारी व्यवस्थाप गर्न प्रचलित स्वास्थ्य सम्बन्धी सुचना प्रणालीलाई एकीकृत गरी सुदृढ र प्रविधिमैत्री बनाइनुका साथै स्वास्थ्य अनुसन्धानलाई प्रबर्द्धन गरिनेछ ।**

- प्रत्येक स्वस्थ्य संस्थाहरु, निजी तथा गैरसकारी स्वास्थ्य संस्थाहरुमा विद्युतीय/अनलाईन अभिलेख तथा प्रतिवेदन गर्ने व्यवस्था सुचिश्चित गरीनेछ ।
- गाउँपालिकामा विद्युतीय अभिलेख तथा प्रतिवेदन प्रणालीलाई संस्थागत गरी सूचना विश्लेषणका निश्कर्षहरुलाई प्राथमिकताका साथ स्वास्थ्य क्षेत्रको निर्णय प्रक्रियामा प्रयोगमा ल्याउने संस्कारको विकास गरीनेछ ।
- तथ्याकंको गुणस्तरीयता, विश्वसनियता कायम राख्न अनुगमन, मूल्याकंन तथा पृष्ठपोषणको प्रणालीलाई सवलिकृत गरीनेछ ।
- संघ तथा प्रदेशको सहकार्यमा स्वास्थ्य क्षत्रमा उपलब्ध मानव स्रोत व्यवस्थापन, तालिम व्यवस्थापन, आपूर्ति व्यवस्थापन लगायत सम्पूर्ण सूचना तथा तथ्याङ्कलाई एकिकृत विद्युतीय सूचना प्रणालीको विकास गरी कार्यान्वयन गर्ने साथै संस्थागत स्मृती संरक्षणका लागि उचित व्यवस्था गरिनेछ ।

- स्वास्थ्य क्षेत्रको अध्ययन तथा अनुसन्धानात्मक कार्यलाई व्यवस्थित गर्न गाउँपालिकाको प्राथमिकताका क्षेत्रहरु पहिचान गरी सोको अनुसन्धानात्मक कार्यका लागि स्रोतको व्यवस्थापन गर्ने तथा अध्ययन तथा अनुसन्धान र अनुगमनका निष्कर्षहरुलाई प्राथमिकताका साथै योजना मार्फत कार्यान्वयन गरिनेछ ।

**नीतिः ८ स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन स्थानीय आवश्यकताका आधारमा दक्ष जनशक्तिको व्यवस्थापन गरिनेछ**

- स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीमा आफ्नो काम, कर्तव्यप्रति थप जवाफदेही र जनमुखी बनाउन नतिजामा आधारित कार्यसम्पादन तथा मूल्याकंन प्रणालीको विकास गरिनेछ ।
- स्वास्थ्य सेवालाई गाउँपालिकाको परिवेश अनुकुल तथा समय सापेक्ष बनाउन स्वास्थ्य संस्थाहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण **(O&M)** गरी वैज्ञानिक आधारमा संगठनात्मक संरचना तथा जनशक्तिको दरबन्दी परिमार्जन गर्ने व्यवस्था मिलाईनेछ ।
- स्वास्थ्य क्षेत्रमा स्रोतको समूचित परिचालन गर्दै समयानुकुल स्वास्थ्य सेवा प्रवाह गर्न स्वास्थ्य कर्मीको क्षमता अभिवृद्धि, परिचालन तथा व्यवस्थापन गरिनेछ ।
- स्वास्थ्य संस्थामा तोकिएका सेवाहरु प्रवाह गर्न आवश्यक जनशक्तिको निरन्तर उपलब्धताको सुचिश्चितता गरिनेछ ।
- स्वास्थ्य जनशक्तिको क्षमता अभिवृद्धिको लागि सेवाकालीन तालिम, पेशागत, वृत्ती विकास तथा कार्य सम्पदानमा आधारित प्रोत्साहनलाई प्रर्वद्धन गरिनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकाको भूमिकालाई समयसापेक्ष परिमार्जन गरी सामुदायिक स्वास्थ्य प्रवर्द्धनका लागि निरन्तर परिचालन गरिनेछ ।

**नीतिः ९ स्वास्थ्य सकारात्मक व्यवहार परिवर्तका लागि व्यक्ति, परिवार समाजलाई परिचालन गरी स्वास्थ्य शिक्षा र सूचना प्रवाह गर्दै नसर्ने रोगको उपचारलाई आधारभूत स्वास्थ्य सेवास्तर देखि नै व्यवस्थापन गरिनेछ ।**

- स्वास्थ्य सकारात्मक व्यवहार परिवर्तन तथा स्वास्थ्य प्रबर्धनको लागि समुदायका राजनितिक, सामाजिक तथा साँस्कृतिक नेतृत्व परिचालन, सूचना प्रविधिको प्रयोग तथा सञ्चार माध्यमसँग समन्वय तथा सहकार्य गरीनेछ ।
- दुर्घटना लगायत अन्य प्राकृतिक तथा मानव सिर्जित प्रकोप रोकथाम तथा जीवन सुरक्षाका लागि सचेतना तथा जनस्वास्थ्य प्रवर्धन कार्यक्रम सञ्चालन गरीनेछ ।
- सेवा प्रदायकलाई स्वास्थ्य सुचना प्रवाहमा जिम्मेवार बनाउदै सुचनामत्री स्वास्थ्य संस्थाको विकास गरिनेछ ।
- स्वास्थ्य सेवाग्राहीको सुचनाको गोपनियता र हकलाई सुनिश्चित गर्न कार्यविधि बनाई लागू गरिनेछ ।

- विद्यालय, क्याम्पस तथा पेशागत जोखिम अधिक हुने संस्थाहरुमा स्वास्थ्य सूचना कक्षको स्थापना गरिनेछ ।
- प्रमूख सार्वजनिक स्थलहरुमा विद्युतीय माध्यम मार्फत स्वास्थ्य सन्देशहरु प्रवाह गरिनेछ ।

**नीतिः १० स्वास्थ्यबर्धक खाद्य पदार्थको प्रवर्द्धन, उत्पादन, पहँच र उपभोग बढाई पोषण स्थितिमा सुधार ल्याउन आवश्यक समन्वय गरिनेछ ।**

- पोषण संवेदनशिल कृषि उत्पादन तथा उपभोगको प्रर्वधन गर्न कृषि क्षेत्र लगायत सम्बन्धित सरोकारवालहरु सँग समन्वय र पैरवी गरी स्थानीयस्तरमा उत्पादन हुने स्वास्थ्यवर्धक रैथाने खाद्यवस्तुको प्रयोग र पहुँचलाई विस्तार गरिनेछ ।
- संघीयस्तरमा निर्माण भएको बहुक्षेत्रीय पोषण योजना, शीघ्र कुपोषण एकीकृत व्यवस्थापन कार्यक्रम लगायतलाई गाउँपालिकाको परिवेश अनुकुल बनाई कार्यान्वयन गरिनेछ ।
- स्वास्थ्य नकारात्मक असर पार्ने आहार **(Incompatible food and drinks)** सेवान र पत्रु खाना (जंक फुड) को बिक्री, वितरण तथा प्रयोगलाई निरुत्साहित तथा नियमन गरीनेछ ।
- कुपोषित बालबालिकाहरुलाई पुनर्स्थापनाका लागि आवश्यकता अनुसार पोषण पुनर्स्थापना सेवा केन्द्र स्थापना, सुदृढीकरण एवं बिस्तार गरिनेछ । द
- दुग्ध जन्य, मानु जन्य तथा अन्य खाद्य पदार्थको तोकिएको मापदण्ड अनुसारको गुणस्तर कायम गर्न आवश्यक समन्वय गरिनेछ ।

**नितिः ११ आयूर्वेद तथा गाउँपालिकामा प्रचलित बैकल्पीक चिकित्सा पद्धतीहरुको आधारभूत स्वास्थ्य सेवाको विकास तथा विस्तार गरी समन्वयात्मक रुपमा सेवा प्रवाहलाई व्यवस्थित गरिनेछ ।**

- आधारभूत आयुर्वेद एवं बैकल्पिक चिकित्सा सेवा निःशुल्क रुपमा प्रदान गर्न प्रदेश तथा संघ सँगको समन्वयमा आवश्यक संथागत संरचनाको व्यवस्था गरीनेछ ।
- राष्ट्रिय स्वास्थ्य कार्यक्रम संग एकिकृत गर्दै आयुर्वेद एंव बैकल्पिक चिकित्सा पद्धतीबाट सेवा प्रदान गरिनेछ ।
- वैकल्पिक चिकित्सा सेवाहरुलाई स्वास्थ्य सेवाको मूलधारमा ल्याउन मापदण्ड निर्धारण गरी सञ्चालन, व्यवस्थापन तथा विस्तार गरिनेछ ।

**नीति : १२ वातावरणबाट स्वास्थ्यमा पर्ने प्रतिकुल न्युनीकरण तथा व्यवस्थापन गरिनुका साथै पेशागत स्वास्थ्य सुरक्षा, सरसफाई र स्व्चछतालाई प्रोत्साहन, पवर्द्धन र व्यवस्थापन गरी गाउँपालिकावासीको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गरिनेछ ।**

- खुला दिशामुक्त गाउँपालिकालाई पूर्णसरसफाई युक्त गाउँपालिका बनाईनेछ र सोको दिगोपनाको योजना तयार गरी कार्यान्वयन गरिनेछ ।
- गाउँपालिका भित्र पानी, वायु, ध्वनी लगायत अन्य वातावरणीय प्रदुषण नियन्त्रण गर्नका लागि सम्बन्धित निकायहरुसँग समन्वय गरीनेछ ।

- पर्यावरण र वातावरणीय परिवर्तन साथै कायम र कार्यस्थलको वाताबरणीय अवस्थाका कारणले स्वास्थ्यमा पर्ने हानीबाट बचाउन सरकारी तथा निजी सबै क्षेत्रहरुसँग समन्वय गरी स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु तय गरी संचालन गरीनेछ ।
- सर्वव्यापी सावधानीको अवधारणालई अनुसरण गरी स्वास्थ्य सेवा जन्य फोहोरमैला व्यवस्थापनको लागि सबै सरोकारवालाहरु सँगको सहकार्यमा उचित किसिमले फोहोरमैला संकलन, छुट्याउने र विर्सजनको व्यवस्था गरीनेछ ।
- किटनाशक विषादीको प्रयोगलाई नियमन तथा औधोगिक न्यूनीकरण र रोकथाम गर्न सरोकारवालहरुसँग समन्वय तथा सहकार्यमा कार्यक्षेत्रमा हुनसक्ने विपद जोखिम न्यूनीकरणका लागि नियमनको व्यवस्था मिलाईनेछ ।
- व्यवसायिक रुपमा हुन सक्ने जोखिमबाट जोगाउने व्यवस्था गर्दै उनीहरुको स्वास्थ्य संरक्षणका लागि स्वस्थ्य तथा जीवन विमा भएको सुनिश्चित गरीनेछ ।

**नीतिः १३ महामारी, विपद वा प्रकोपको समयमा पर्न सक्ने सम्भावित स्वास्थ्य असरहरुको न्यूनीकरण, प्रतिकार्य एवम् पुनःस्थापनााको लागि बहुपक्षीय सहकार्य गरिनेछ ।**

- महामारी, विपद वा प्रकोपको जोखिम नक्साङ्कन गरी जोखिम न्यूनीकरणका लागि बहुपक्षीय सहकार्यमा गाउँपालिका प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गरीनेछ ।
- गाउँपालिका तथा वडा स्तरिय स्वास्थ्यक्षेत्र आपतकालिन पूर्व तयारी योजना निर्माण गरी कार्यान्वयन गरीनेछ ।
- सम्भावित विपद वा प्रकोपलाई व्यवस्थापन कार्यका लागि प्रदेश सरकार सँगको सहकार्यमा गाउँपालिका स्वास्थ्य आपत्कालिन कार्यसञ्चालन केन्द्र **(Municipal Health Emergency Operation Centre)** स्थापना गरी वडादेखी गाउँपालिका तहसम्म द्रुत प्रतिकार्यका लागि तोकिएको मापदण्ड अनुरुप संयन्त्र बनाई परिचालन गरीनेछ ।
- सम्भावित विपद वा प्रकोपको समयमा निरन्तर स्वास्थ्य सेवा प्रवाह गर्न रणनैतिक स्थान वा स्वास्थ्य संस्थाहरुमा अत्यावश्यक औषधि तथा सामाग्रीहरुको बफर स्टक राख्ने व्यवस्था गरीनेछ ।
- गाउँपालिका तथा वडा स्तरिय द्रुत प्रतिकार्य टोली **(RRT)** तथा सरकारसँगको समन्वयमा आकस्मिक चिकित्सकीय टोली **(EMT)** गठन गरी अन्य उद्धार टोलीसँग समन्वय गर्दै आवश्यकता अनुसार परिचालन गरीनेछ ।

**नीतिः १४ सामाजिक, आर्थिक, भौगोलिक, धार्मिक र साँस्कृतिक हिसाबले पछाडि परेका समुदायको गुणस्तरीय स्वास्थ्य सेवामा उपभोग सुनिश्चित गर्न सामाजिक सुरक्षा कार्यक्रमलाई सुदृढ गरि स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने व्यवस्था गरिनेछ ।**

- प्राकृतिक विपत्ति, महामारी पिडीत र असहाय नागरिकहरुलाई आपतकालीन आवस्थामा औषधि उपचारमा सहयोग गर्नकोलागि गाउँपालिका अध्यक्षको संयोजनमा एउटा “अध्यक्ष सहायता कोष” स्थापना गरिनेछ ।

- स्वास्थ्य बिमा लगायत अन्य योजनाहरु मार्फत विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचमा वृद्धि गरी स्वास्थ्य उपचार कोषको माध्यमद्धारा विपन्न र असहाय वर्गको सेवमा पहुँच सुनिश्चितता गरीनेछ ।
- पिछडिएको वर्ग, क्षेत्र र समुदायका लागि स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न आवश्यकता अनुरुप स्वस्थ्य सेवा केन्द्रहरुको स्थापना, स्वास्थ्य शिविरको सञ्चालन तथा आधुनिक सूचना तथा प्रविधिको प्रयोग गरी स्वास्थ्य सेवा उपलब्ध हुने व्यवस्था मिलाईनेछ ।
- लक्षित समुदायका स्वास्थ्य सम्बन्धी चेतना अभिवृद्धि गर्दै सेवाको उपयोग वृद्धि गर्न तत् समूदायका स्वास्थ्यकर्मीहरुलाई प्राथमिकता दिई सोही समूदायमा परिचालन गर्ने योजना बनाई लागू गरीनेछ ।
- गाउँपालिकाको आवश्यकता र क्षमतालाई मध्यनजर गर्दै कामको सिलसिलामा वा अन्य कारणले स्वास्थ्य संस्थाको पहुँचबाट टाढा रहेका समूहलाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न विशेष कार्यक्रम बनाई लागू गरीनेछ ।

**नीतिः १५ सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोरावस्थाको स्वास्थ्य, प्रजनन् स्वास्थ्य तथा परिवार योजना सेवाको विकास र विस्तार गरी पहुँच सुनिश्चित गरीनेछ ।**

- नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापनलाई थप सुदृढ गर्दै यसको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- आधारभूत तथा आकस्मिक प्रसूती सेवालाई सुदृढ गर्दै गाउँपालिका तहको प्राथमिक अस्पतालमा नवजात शिशु सेवा बिस्तार गरीनेछ ।
- विभिन्न वर्ग, जाती धर्म तथा क्षेत्रमा महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अवस्था विश्लेषण गरी आवश्यकता अनुसार परिवार योजना कार्यक्रम बनाई लागू गरीनेछ ।
- गुणस्तरीय यौन तथा प्रजनन स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुसारको सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य सेवाको सुनिश्चित गरीनेछ ।
- गाउँपालिकाका सबै स्वास्थ्य संस्थालाई किशोर किशोरी मैत्री बनाई सेवा प्रदान गर्न सक्षम बनाइने छ ।
- पछाडी परेका वा पारिएका महिला (त्यसभित्र अन्तरनिहित अन्तरविविधता) सिमान्तकृत समुदाय, भौगोलिक अवस्थिति, विविध लैङ्गिक पहिचान भएका व्यक्तिहरु, आर्थिक रुपले विपन्न वर्गको स्वस्थ्य अधिकार सुनिश्चित गर्ने सवाललाई सम्बोधन गर्न नीति, कार्ययोजना, बजेट, अनुगमन तथा मूल्याङ्कन प्रणाली निर्माण गर्दा अविभेद, समानता र समावेशिताको सिद्धान्तलाई सुनिश्चित गरी समतामूलक स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ ।

**नीतिः १६ स्वास्थ्य क्षेत्रका प्रगती एवं उपलब्धीहरुलाई संस्थागत गर्दै थप उपलब्धी हाँसिल गर्न आवश्यक समन्वय, सहकार्य तथा आवश्यकता अनुसार साझेदारी गरिनेछ ।**

- गाउँपालिकामा निर्माण हुने हरेक क्षेत्रगत नीतिमा स्वास्थ्यको विषयलाई महत्वका साथ समावेश गरीनेछ ।
- बहुक्षेत्रीय, बहुपक्षीय समन्वय र सहकार्य प्रणाली स्थापना गरी अन्तर संस्थागत समन्वय सुनिश्चित गरीनेछ ।

**नीतिः १७ विभिन्न सरुवा रोग, किटजन्य रोग, पशुपन्छीजन्य रोग एवं समुदायमा विद्यमान अन्य रोगहरुको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन प्रभावकारी रुपमा गरिनेछ ।**

- क्षयरोग, एचआइभी र एड्स तथा औलो लगायतका सरुवा रोगहरुको निगरानी, रोकथाम, नियन्त्रण, निवारण तथा अन्मूलनको लागि संघ तथा प्रदेश सरकारको समन्वयमा प्रभावकारी कार्यक्रमहरु सञ्चालन गरीनेछ ।
- रेबिज, सर्पदंश लगायतका पशुपन्छज्निइ र किटजन्य रोगहरु जस्तै मलेरिया, डेंगु हात्तिपाइले, स्क्रब टाइफस, कालाजार आदी रोगहरुको रोकथाम, नियन्त्रण र उपचारको लागि सेवा विस्तार गरिनेछ ।

**नीतिः १८ नसर्ने रोग तथा मानसीक रोगको तथा व्यवस्थापन, सुर्तिजन्य वस्तुको प्रयोग, मादक पदार्थ सेवन, लागूपदार्थ दुर्व्यसनी लगायतका स्वास्थ्य समस्याहरुलाई निरुत्साहित गरि स्वस्थकर जिवनयापन गर्न प्रोत्साहन र प्रर्वद्धन गरिनेछ ।**

- स्वास्थ्य प्रवर्द्धनको लागि स्वस्थ आहार, योग तथा ध्यान विधि प्रवर्धन गर्न सामुदायिक योग केन्द्र, व्यायामशाला, स्वस्थ हरित पार्क, पुनर्स्थापना केन्द्र लगायतका सेवा केन्द्रहरु स्थापना गरीनेछ ।
- मुटुरोग, सधुमेह, मृगौला रोग, दिर्घ श्वासप्रश्वास सम्बन्धि रोग, मष्तिस्क पक्षघात, क्यान्सर जस्ता दीर्घ रोगहरुको रोकथाम र व्यवस्थापन लागि **Package** या **Essential Non-Communicable (PEN) Disease Interventions** लाई विस्तार गर्दै स्वास्थ्य सामाजिक सुरक्षा योजनाहरु मार्फत विपन्न र असहायलाई आर्थिक सहुलियत प्रदान गरीनेछ ।
- मानसिक स्वास्थ्य समस्या रोकथाम र व्यवस्थापनका प्राथमिक मानसिक स्वास्थ्य सेवालाई सबै आधारभूत तहका स्वास्थ्य संस्थाबाट प्रवाह गर्नका लागि आधुनिक तथा आयूर्वेद चिकित्सा पद्धतीबाट मनोसामाजिक परामर्श तथा उपचार सेवा विस्तार गरीनेछ ।
- लागू पदार्थको नियन्त्रण, मदिरा तथा सुर्निजन्य पदार्थको विक्री वितरण तथा प्रयोगलाई बहुक्षेत्रीय सहकार्यमा नियमन गर्न समन्वय गरीनेछ ।

**संस्थागत संरचनाः**

७.१ नीति कार्यान्वयनका लागि नौमूले गाउँपालिकाको नेतृत्वमा स्वास्थ्य संस्थाहरु रहनेछन् । त्यस्तै नीतिमा उल्लेख भएको स्वास्थ्य अर्नात सेवा प्रवाहका लागि वडा नं. ५ मा १५ शैयाको अस्पतालबाट आधुनिक प्रभावकारी स्वास्थ्य उपचारको व्यवस्था गरिनेछ ।

७.२ मानव संशाधन विकासका लागि प्रदेश सरकार, प्रदेश लोक सेवा, स्वास्थ्य प्रतिष्ठान वा मेडिकल कलेज र अन्य स्वास्थ्य जनशक्ति उत्पादन गर्ने निकायहरु सँग क्षमता अभिवृद्धिका लागि समन्वय

गरिनेछ । स्वास्थ्य संस्थाहरुमा ल्याव सेवा, आँखा उपचार सेवा र प्रत्येक वडामा एउटा आधारभूत स्वास्थ्य केन्द्र तथा आवश्यकता अनुसार शाहरी स्वास्थ्य केन्द्र र सामुदायीक स्वास्थ्य इकाई स्थापनाको लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय एवं सहजीकरण गरिनेछ ।

७.३ स्वास्थ्य क्षेत्रमा नीतिगत सामञ्जस्यता कायम गर्न, स्वास्थ्यका योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्याङकन तथा आवश्यकता अनुसार निर्देशन प्रदान गर्न गाउँपालिका तहमा निर्देशक समिति वा अन्य संयन्त्रको व्यवस्था गरिनेछ ।

७.४ नगरपालिकामा विद्यमान विविधतालाई मध्यनजर गरी स्वास्थ्य सम्बन्धी संरचनालाई समावेशी बनाउने र संविधानको धारा ३८ अन्तरगत महिलाको समानुपातिक समावेशिताको मौलिक अधिकारलाई व्यवहारमा सुनिश्चित हुने व्यवस्था गर्ने ।

## ८. आर्थिक पक्षः

यस नीतिको कार्यान्वयन मूलतः नौमूले गाउँपालिकाको नियमित बजेटबाट गरिनेछ । यस नीतिमा रहेका उद्देश्यहरु हासिल गर्न नौमूले गाउँपालिकाका सबै शाखाहरुको कार्यक्रम तथा बजेटमा तालमेल मिलाई सबै नीतिमा स्वास्थ्यको अवधारणालाई अगाडी ल्याइनेछ । बजेट र स्रोत र साधनको परिचालन गर्दा लैङ्गिक उत्तरदायी बजेट निर्माण तथा विनियोजन गरिनेछ । नेपाल सरकार र कर्णाली प्रदेश सरकारको नियमित वार्षिक कार्यक्रम मार्फत यस नीतिले अवलम्बन गरेका रणनीति तथा कार्यनीतिहरु सम्बोधन गराउन पहल गरिनेछ । यसका साथै यो नीति कार्यान्वयन गर्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय विकास साझेदारहरु, संयुक्त राष्ट्र संघीय निकायहरु र निजी क्षेत्रसँग समेत समन्वय, सहकार्य र साझेदारी गरी आवश्यक स्रोत व्यवस्थापन गर्न पहल गरिनेछ ।

## ९. अनुगमन र मूल्याङकनः

यस नीति कार्यान्वयनको क्रममा अनुगमन गर्ने र अपेक्षित नतिजा र प्रतिफल प्राप्तीको मूल्याङकन गर्ने दायित्व सामाजिक विकास शाखाको हुनेछ । यसका लागि उक्त शाखाको संयन्त्र र क्षमता विकास गरिनेछ । वडा समितिहरु एवम् अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा सहभागितामुलक अनुगमन प्रक्रिया अवलम्बन गरिनेछ । प्रत्येक पाँच वर्षमा यस नीतिको समीक्षा गरी आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ । अनुगमन तथा मूल्याङकन प्रणाली निर्माण गर्दा अविभेद, समानता र समावेशिताको सिद्धान्तलाई सुनिश्चित गर्ने गरी नीति बन्यो कि बनेन, बनेको अवस्थामा पनि त्यसभित्र अर्न्तनिहित सुधार गर्नुपर्ने के हाे? त्यसको क्रियान्वयनको अवस्था, कार्ययोजना समतामूलक र समावेशीको सिद्धान्त अनुसार निर्माण भएको छ कि छैन, महिला लगायत सिमान्तकृत वर्गको स्वास्थ्य अवस्थामा पहुँचको अवस्था लगायत विषयमा लैङ्गिक उत्तरदायि अनुमगन र मूल्याङकनको व्यवस्था सुनिश्चित गर्नेछ ।

## १०. नीति कार्यान्वयनको कार्ययोजनाः

नीति कार्यान्वयनका लागि नौमूले गाउँपालिकाले आवश्यक ऐन, निर्देशिका, कार्यविधी आदि तर्जुमा गनेछ । स्वास्थ्य सँग सम्बन्धित आवश्यक ऐन, कानून, नियमावली तथा अर्न्तराष्ट्रिय स्तरमा नेपालले गरेका प्रतिवद्धताको अधीनमा रही यस नीति कार्यान्वयनका लागि तत्कालीन, मध्यकालीन र दिर्घकालीन योजना बनाउने छ । यही योजना अनुसार वार्षिक योजना तथा कार्यक्रम र बजेट निर्माण

कार्यान्वयन गरिनेछ । वार्षिक रुपमा कार्ययोजना कार्यान्वयनको समीक्षा गरी पुनरावलोकन गरिनेछ ।

**११. जोखिमः**

राज्यको पुनः संरचनाको प्रारम्भिक चरण, बढ्दो जनआकांक्षा, नौमूले गाउँपालिका संस्थागत विकासको चरणमा रहेको, सिमित साधन र स्रोत गाउँपालिकाको प्राथमिकतामा स्वास्थ्य क्षेत्र समग्र विकासको मुद्दाका रुपमा स्थापित गराउनु पर्ने विद्यमान अवस्थामा यस नीति तथा रणनीतिले अपेक्षा गरेका नतिजाहरु प्राप्तिमा केही जोखिम हुन सक्छन । मौलिक अधिकारको रुपमा स्थापित भएको आधारभूत स्वास्थ्य सेवालाई सुदृढ एवम् सक्षम स्वास्थ्य प्रणाली मार्फत समतामूलक गुणस्तरीय सेवा प्रदान गर्न आवश्यक पर्ने समन्वय, स्रोत र साधन व्यवस्थापन हुन नसकेमा, मानिसको चेतनास्तर न्युन हुनु, अशिक्षा, हानिकारक मूल्य मान्यता, विद्यमान विभेद र असमानताको अवस्थाले कार्यान्वयनमा कठिनाई भई यस नीति तथा रणनीतिले अपेक्षा गरेका नतिजाहरु प्राप्तिमा जोखिम हुन सक्ने सम्भावना रहेकोछ । यद्यपी उल्लेखित जोखिमको बाबजुद गाउँपालिकावासीलाई सर्वसुलभ, गुणस्तरिय स्वास्थ्य सेवाको सुनिश्चित गरी स्वास्थ नागरिकहरु तयार गर्न नौमूले गाउँपालिकाको स्वास्थ्य नीति २०७८ को प्रभावकारी कार्यान्वयन गर्ने गरी जोखिमको न्युनिकरण गरिनेछ ।

प्रमाणीकरण मिति: २०७९/०३/२५

आज्ञाले,

**दमन दाहाल**

प्रमुख प्रशासकीय अधिकृत